“समन्वयमा आधारित खोटेहाङ , दीगो विकास र समृद्धि हाम्रो अभियान”

# आर्थिक वर्ष २०७६/७७ को समिक्षा तथा २०७७/७८ को वार्षिक बजेट

## खोटेहाङ गाउँपालिका
## खोटाङ
## १ नं. प्रदेश, नेपाल

गाउँसभामा प्रस्तुत मिति : २०७६ असार ११ गते ।

# खोटेहाङ गाउँपालिका उपाध्यक्ष श्री कविता राईज्यूद्वारा प्रस्तुत आ.व. २०७६।७७ को समिक्षा तथा आ. व. २०७७/७८ बजेट

**सम्मानित गाउँसभाका सभाध्यक्ष श्री प्रदिप राईज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**

१. स्थानीय सरकार गठन भएपश्चात दिगो विकास र समृद्धिको अभियानको चौथो आर्थिक वर्ष प्रवेश संगै खोटेहाङ गाउँपालकाको गरिमामय सातौं गाउँसभामा आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरिरहेको छु ।

२. इतिहासका विभिन्न कालखण्डहरुमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, जनताको सार्वभौम अधिकार प्राप्ति र समतामूलक समाजको निर्माण खातिर भएका विभिन्न संघर्ष तथा आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने वीर शहिदहरु प्रति श्रद्धा सुमन अर्पण गर्न चाहान्छु, जन आन्दोलनका घाइतेहरु, द्वन्दपीडितहरु तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा अहम भूमिका खेल्नुहुने अग्रज सम्पूर्ण नेतृत्वहरु र ज्ञात अज्ञात व्यक्तित्वहरुलाई श्रद्धा पुर्वक स्मरण गर्न चाहान्छु ।

३. विश्व सामुदायको साझा शत्रुका रुपमा देखा परेको कोभिड १९ रोगका कारण आफ्नो अमूल्य जीवन गुमाउनुहुने सम्पूर्ण मृतात्माहरुप्रति श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु, सो रोगसंग डटेर सामना गरिरहनुभएका रोगीहरुको शिघ्र श्वास्थ्य लाभको कामना गर्दछु, कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणका लागि आफ्नो जीवन धरापमा राखेर अहोरात्र डट्नुहुने सम्पूर्ण स्वस्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी तथा स्वयमसेवीहरुलाई सम्मानका साथ धन्यवाद ब्यक्त गर्न चाहान्छु ।

४. सिंगो विश्व सामुदायमा कोरोना महामारीबाट सिर्जित मानविय तथा आर्थिक क्षतिबाट आक्रान्त भईरहेको यस विषम परिस्थितिमा यस महामारीबाट सिर्जित समस्याहरुको समाधान र व्यवस्थापन गर्ने संगै खोटेहाङ गाउँपालिकाले देखेको समृद्धि र दिगो विकासको सपनालाई जीवन्त तुल्याईरहने चुनौतीहरुविच हामी अहिले उभिएका छौं । नेपालको संविधानको मर्मबमोजिम गठन भएको यस खोटेहाङ गाउँपालिकाको तेस्रो आ. व. मा विगतका वर्षहरुको अथक प्रयासबाट प्राप्त भएको उपलब्धिहरुको रक्षा गर्दै एवं विगतका वर्षहरुमा वजेट तर्जुमा र कार्यान्वयनका शिलशिलामा प्राप्त भएका शिक्षाहरुलाई ग्रहण गर्दै सिमित स्रोत/साधन र अथाह चुनौती र सपनाहरुको तालमेल मिलाउने र तिनै चुनौतीका विच विकसित अवसरहरुको समुचित सदुपयोग गर्ने संकल्प सहित म यस सम्मानित गाउँसभामा आ. व. २०७७/७८ को बजेट प्रस्तुत गर्न गईरहेको छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**
**गाउँसभा सदस्यज्यूहरु,**

५. खोटेहाङ गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभन्दा अगाडी म चालु आर्थिक वर्ष २०७६/७७ मा समग्र विकासका क्षेत्रहरुमा विकसित परिदृष्यहरुको संक्षिप्त समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## चालू आर्थिक वर्ष २०७६/७७ को समिक्षाः

क.	चालु आ.व. २०७६/७७ को कुल विनियोजित बजेट गत आ. व. २०७५/७६ को नगद मौज्दात सहित रु. ३९,१९,९८,३५०।-(अक्षरेपी उनन्चालीस करोड उन्नाईस लाख अन्ठानब्बे हजार तीन सय पचास मात्र) मध्ये

प्रशासनिक चालू शिर्षक अर्न्तगत रु. ४,९५,६२०००।- (अक्षरेपी चार करोड पन्चानब्बे लाख बैसठ्ठी हजार रुपैया मात्र), चालू कार्यक्रम अर्न्तगत रु. **२,६४,४५,७२२**।-(अक्षरेपी दुई करोड चौसठी लाख पैतालीस लाख सात सय बाईस रुपैया मात्र), पालिका स्तरीय पूँजिगत तर्फ रु. ५,७६,११,५३२।-(अक्षरेपी पाँच करोड छहयत्तर लाख एघार हजार पाँच सय बत्तीस रुपैया मात्र) र वडा स्तरिय पूँजिगत तर्फ रु. ५,२०,३७,८१८।- (अक्षरेपी पाँच करोड बीस लाख सैतीस हजार आठ सय अठार रुपैँया मात्र) गरि जम्मा पूँजिगत खर्च रु. १०,९६,४९,३५०।- (अक्षरेपी दस करोड छयानब्बे लाख उनन्चास हजार तीन सय पचास रुपैया मात्र) मध्ये चालू खर्च तर्फ ६१.७२ प्रतिशत वित्तिय प्रगती भएको छ र पुँजीगत योजनाहरुको ३४.३२ प्रतिशत वित्तिय उपलब्धी हाँसिल भएको छ भने बाँकी योजना तथा कार्यक्रमहरु समेत उत्साहजनक रुपमा निर्माण तथा कार्यान्वयनका क्रममा रहेका कारण यस आ. व. अन्तिम अवधी सम्ममा करिब ७५ प्रतिशत वित्तिय लक्ष्य प्राप्त हुने अनुमान गरिएको छ ।

ख. चालु आ.व.को राजश्व परिचालन अनुमान रु २९,५९,३५०।- (अक्षरेपी उनन्तीस लाख उनन्साठी हजार तीन सय पचास रुपैया मात्र) रहेकोमा हाल सम्म रु. *२१,७९,१३५।२* राजश्व संकलन भई ७३.६६ प्रतिशत राजश्व लक्ष्य प्राप्त भएको छ ।

**अव चालु आ.व.मा भएका क्षेत्रगत प्रगतिहरुको विवरण यस प्रकार रहेको छ ।**

चालु आ.व. २०७६/७७ का लागि पाँचौ गाउँसभा बाट स्वीकृत नीति तथा कार्यक्रम तथा मिति २०७६/१०/१७ गतेको गाउँसभाद्वारा स्वीकृत बजेटको दायरामा रहि देहाय अनुसारका विषयगत क्षेत्रका योजना तथा कार्यक्रमहरु उत्साहजनक रुपमा सम्पन्न भएको व्यहोरा सहित सम्मानित गाउँसभा समक्ष चालु आ. व. २०७६/७७ को बजेट सम्बन्धी समिक्षात्मक प्रतिवेदन पेश गर्दछु ।

# ❖ पूर्वाधार विकास क्षेत्र

## क. सडक

१. खोटेहाङ गाउँपालिकाले चालु आ.व. २०७६।०७७ का लागि पालिका स्तरीय ६ वटा र वडा स्तरीय ४२ वटा गरि जम्मा ४८ वटा सडक निर्माण योजना स्वीकृत भएकोमा हाल सम्म सबै योजनाको कार्य सम्पन्न भएको छ जसका लागि रु ३ करोड ७७ हजार ५ सय ५३ रुपैया खर्च भएको छ ।

२. नेपाल सरकार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अर्न्तगत प्राप्त रु. ९ लाख ८७ हजार रकमको तेनुवा सावाखोला चण्डिथान सडक र रु ९ लाख ८८ हजार रकमको देउराली कुभिण्डे कोटपोखरी सडक निर्माण कार्य सम्पन्न भएको छ ।

३. प्रदेश सरकार प्रदेश नं. १ बाट सशर्त कार्यक्रम अर्न्तगत प्राप्त रु. २० लाख बराबरको रसुवा पान्धारे सडकको मुलडाँडा कपासे भञ्ज्याङ सडक खण्ड स्तरोन्नती, रु. १४ लाख ८५ हजार बराबरको मेर्ला-गैरी-बेगु-मोटरबाटो, रु. १४ लाख ८५ हजार बराबरको भिरखर्क-बोम्लुङ-वाप्लुखा वडा कार्यालय सडक स्तरोन्नती, रु. ९ लाख ९० हजार बराबरको जोखाने खोला-पोखरी-कमेरे मोटरबाटो र रु. ९ लाख ९० हजार बराबरको सिम्पानी डिहिगाउँ-टुवाखोला कृषि सडक स्तरोन्नती शिर्षकबाट विनियोजित सडक निर्माण तथा स्तरोन्नती कार्य सम्पन्न हुने चरणमा रहेका छन ।

४. चालू आ. व. मा पालिका स्तरीय र वडा स्तरीय सडक निर्माण योजनाको भौतिक उपलब्धीका रुपमा २७.१३ किलोमिटर ४.५ मिटर चौडाईको नयाँ ट्र्याक निर्माणको कार्य सम्पन्न भएको छ भने ६ मिटर चौडाईको

७.७० किलोमिटर सडक निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरि विगतका वर्षहरुमा खनिएका सडकहरुको ६४.२० किलोमिटर सडक खण्ड मर्मत तथा स्तरोन्नती भएको छ ।

५. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको विशेष अनुदान र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको सशर्त अनुदानबाट प्राप्त अनुदानहरुवाट यस आर्थिक वर्षमा कुल १०.९४ कि. मि. सडक निर्माण तथा ९ कि. मि. सडक स्तरोन्नती कार्य भएको छ साथै प्रदेश सरकार प्रदेश नं. १ वाट प्राप्त विशेष अनुदान वापत प्राप्त २० लाख रकम बराबरको रसुवा पान्धारे सडक खण्डको मुलडाँडा सेल्मे कपासे भञ्ज्याङ सडक खण्डको ८ मिटर चौडा ३.६ कि. मि. सडक निर्माण कार्य सम्पन्न हुने अन्तिम चरणमा रहेको छ ।

६. स्थानीय सरकार गठन भएपश्चात खोटेहाङ गाउँपालिकाको आ. व. २०७४/७५ देखि चालू आ. व. २०७६/७७ सम्ममा खोटेहाङ गाउँपालिकाको लागतमा जम्मा १५६.३० कि. मि. ४.५ मिटर चौडा नयाँ ट्र्याक ओपनिङ, ६ मिटर चौडा ४२.८६ कि. मि. र ८ मिटर चौडा ४२.२३ कि. मि. सडक निर्माण कार्य सम्पन्न भईसक्नेछन ।

## ख. भवन

१. खोटेहाङ गाउँपालिकाले चालु आ.व. २०७६।०७७ का लागि पालिका स्तरीय ६ वटा र वडा स्तरीय ८ वटा गरि जम्मा १४ वटा भवन निर्माण तथा मर्मत सम्बन्धी योजनाहरुका लागि कुल रकम रु. २ करोड ३१ लाख ३ हजार विनियोजन भएको थियो जसमध्ये, गाउँपालिका भवन निर्माण (क्रमागत), वडा कार्यालय भवन निर्माण वडा नं. ४ र गाउँपालिका प्रतिक्षालय तथा रेलिङ निर्माणको कार्य सम्पन्न भई सकेको छ भने वडा कार्यालय भवन निर्माण वडा नं. १, ६ र ८ निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ, यससंगै खोटेहाङ गाउँपालिकाको सवै वडाहरुको सुविधा सम्पन्न आफ्नै वडा कार्यालय भवन निर्माण गर्ने लक्ष्य प्राप्तिको अन्तिम विन्दुमा आईपुगिएको छ । त्यसैगरि वडा स्तरीय भवन निर्माण तथा मर्मत अर्न्तगतका सवै योजनाहरु यो आ. व. भित्र सम्पन्न भईसक्ने चरणमा रहेका छन ।

## ग. विद्युत

१. चालु आ.व. २०७६।७७ का लागि खोटेहाङ गाउँपालिका बाट कुल १ करोड २८ लाख ५० हजार बराबरका १२ वटा विद्युत तथा बिद्युतीकरणका योजनाहरु विनियोजन गरिएको थियो जसमध्ये ३ वटा योजनाहरुको काम सम्पन्न भईसकेको छ भने ५ वटा योजनाहरु सम्पन्न हुने अन्तिम चरणमा छन । कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि लागू भएको लकडाउनका कारण रु. ९० लाख लाग बरावरका केन्द्रिय विद्युतीकरण वडा नं. १,२,३ लगायतका ४ वटा विद्युतिकरणका योजनाहरु प्रभावित भई योजना सञ्चालन हुन सकेनन ।

२. खोटेहाङ गाउँपालिका वडा नं. १ लिकुवापोखरी स्थित अधेरी खोला पेल्ट्रिक सेटमा गत असारको अविरल वर्षाका कारण भएको क्षतिको मर्मतका लागि १० लाख रकम विनियोजन भई मर्मत कार्य काम सम्पन्न भएको छ ।

३. नविकरणीय उर्जा प्रविधि मार्फत उर्जा उत्पादन तथा परिप्रयोग शिर्षकमा नेपाल सरकारवाट प्राप्त रु. १४ लाख ८० हजार बरावरको रकमको कार्यान्वयनका लागि नविकरणीय उर्जा उत्पादन सामाग्री खरिद तथा जडानका लागि आवश्यक प्रकृया अन्तिम चरणमा पुगेको छ ।

## घ. सिँचाइ

१. खोटेहाङ गाउँपालिकाको चालू आ. व. २०७६/७७ मा सिंचाई क्षेत्रमा विनियोजित रु. ५ लाख बराबरको ३ वटा योजना मध्ये २ वटा सिंचाई योजनाको काम सम्पन्न भईसकेको छ भने एउटा योजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

२. गरिबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट प्राप्त रु. १ लाख ५० हजार बराबरको देविखोला वोम्लुङ सिंचाई कुलो मर्मत योजना कार्यान्वयनको अन्तिम चरणमा रहेको छ ।

३. नेपाल सरकार, स्वीस सरकार तथा खोटेहाङ गाउँपालिकाको संयुक्त लगानीको साना सिंचाई कार्यक्रमको कुल रु. ९५ लाख ५२ हजार बराबरको खिकुखोला मिच्मालुङ हुँदै हर्राबोटे सिंचाई योजना, दुम्छाखोला रुवालुङ नौला सिंचाई आयोजना, साल्तेम कुलो टुवाखोला मुहान सिंचाई योजना, सावाखोला बालुवा खैरेनी धनमुढा सिंचाई योजना गरि ४ वटा सिंचाई योजनाहरु यस आ. व. मा सम्पन्न भईसकेका छन भने रु. ५३ लाख ७६ हजार बराबरको नयाँ सिंचाई योजना अन्तर्गतका दुम्छाखोला राजाढुंगा सिंचाई योजना, दिलुङ खोला सनकुलुङ मुखीताङ सिंचाई योजना, मिच्मालुङ खोला डाँडा सिंचाई योजना र टुवाखोला कुइभिर सिंचाई योजनाहरुको सम्झौता भई निर्माण कार्य भईरहेको छ ।

## ङ. डि पि आर

१. पूर्वाधार विकासका लागि विस्तृत योजना प्रतिवेदन डि पि आर को अत्यन्तै आवश्यकता भए अनुसार केन्द्रिय विद्युतीकरणका वडा नं. १, २, ३ का लागि खोटेहाङ गाउँपालिकाको रु. ५ लाख ५० हजार बराबरको लगानीमा चालू आ. व. २०७६/७७ मा रु. ६ करोड ५३ लाख ७६ हजार ५ सय ५६ रुपैया बराबर लागत अनुमानको डि पि आर तयार गरिएको छ ।

त्यसैगरि यस चालू आ. व. मा सडक र पर्यटनको डि पि आर का लागि रु. ४० लाख विनियोजन गरिएको थियो तर कोभिड १९ को महामारीका कारण उक्त डि पि आर को काम हुन सकेन ।

२. आर्थिक वर्ष २०७६/७७ मा खोटेहाङ गाउँपालिका र जन्तेढुंगा गाउँपालिका जोड्ने सावा खोलामा पक्की पुल निर्माणका लागि संघीय सरकारद्वारा रु. ५ करोड ८२ लाख ३९ हजार ११ रुपैया बराबर लागत अनुमानको डि पि आर तयार भएको छ ।

३. चालू आ. व. २०७६/७७ मा इन्द्राणीपोखरी पर्यटन क्षेत्र विकासका लागि प्रदेश सरकारद्वारा रु. २ करोड ३ लाख ३४ हजार ७ सय बराबर रकम लागत अनुमानको डि पि आर तयार भएको छ भने उक्त स्थानमा पर्यटन पूर्वाधार विकासका काम समेत द्रुत गतिमा भईरहेको छ ।

# ❖ आर्थिक विकास क्षेत्र

## क. कृषि तथा पशु विकास

आर्थिक विकासको पहिलो शर्तका रुपमा रहेको कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि खोटेहाङ गाउँपालिकाको आ. व. २०७६/७७ मा कुल रकम रु. ७० लाख विनियोजन गरिएको थियो भने नेपाल सरकार कृषि विकास सशर्त अनुदान वापत रु. १० लाख, नेपाल सरकार पशु विकास सशर्त अनुदान वापत रु. ६ लाख ४५ हजार, प्रयास (हेल्भेटास) कार्यक्रम स्वीस सरकारबाट कृषि तथा पशु विकास अनुदान साझेदारी वापत रु. ४४ लाख ८१ हजार गरि कृषि तथा पशु विकासका लागि कुल रकम रु. १ करोड ३१ लाख २६ हजार बरावरको कार्यक्रम तय गरिए अनुसारका मुख्य मुख्य कृयाकलाप हरु देहायमा उल्लेख गरिए अनुसार छन ।

१. खोटेहाङ गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको नर्म्स रेट निर्धारण गरि सोहि नर्म्स रेट अनुसार कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

२. बाखा पालन प्रबर्द्धन कार्यक्रम अन्तर्गत ९ वटै वडाहरुमा १/१ वटा ५० % वोयर जातको व्याड बोका वितरण कार्यक्रम सम्पन्न गरिएको छ भने बाखा पालन प्रबर्द्धन कार्यक्रम अन्तर्गत ९ वटै वडाहरुमा १/१ वटा नमुना खोर निर्माण कार्य सम्पन्न भएको छ त्यसैगरि बाखा पालनद्धारा जीविकोपार्जन सुधार कार्यक्रम

अर्न्तगत खोटेहाङ गाउँपालिकाको वडा नं. ७ र ९ मा बाख्रा पालन समुह गठन तथा अभिमुखीकरण तालिम प्रदान गरि १/१ वटा ५० % वोयर जातको व्याड बोका वितरण र १/१ वटा नमुना खोर वितरण गरिएको छ ।

३. कुखुरा पालनको लागि सुधारिएको खोर निर्माणको लागि ६ वटा वडाहरुमा अनुदान प्रदान गरी खोर निर्माण कार्य सम्पन्न भईसकेको छ भने बँगुर पालनको लागि सुधारिएको खोर निर्माणको लागि ५ वटा वडाहरुमा अनुदान प्रदान गरिए अनुसार खोर निर्माण कार्य सम्पन्न भएको छ ।

४. पशु सेवा शाखाबाट पशुपंक्षी तथा मत्स्य उपचार सेवाको लागि विभिन्न ७२ प्रकारका औषधी खरिद गरि वितरण भईरहेको छ भने पशु सम्पर्क केन्द्र, दिक्तेलबाट ७००० पि.पि. आर भ्याक्सिन ढुवानी गरि ९ वटै वडामा भ्याक्सिनेटर नियुक्ति गरी भ्याक्सिन सम्बन्धी कार्यक्रम सञ्चालन भईरहेको छ यसका साथै पशु सेवा शाखाबाट दैनिक रुपमा खोटेहाङ गाउँपालिकाका ८२३ घरपरिवारलाई उपचार तथा अन्य सेवा प्रदान गरिएको छ जसमध्ये ५७७ जना पुरुष, २४६ जना महिला, दलित १४४ जना, जनजाती ३२७ जना सेवाग्राही रहेका छन ।

५. यूवा तथा वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई कृषि उद्यमशीलता विकासका लागि खोटेहाङ गाउँपालिकाका ९ वटै वडामा एक एक जना युवाहरुलाई लाई ५० प्रतिशत अनुदान सहयोग गरिएको छ ।

६. कृषि प्रविधि प्रवर्द्धन सामाग्री प्रकाशन तयारी अर्न्तगत बाख्राको पि.पि.आर. रोग सम्बन्धी लिफ्लेट र बाह्रै महिना हुने हरियो घाँसको बारेमा लिफ्लेट तयार गरि ९ वटै वडाका अगुवा कृषकहरुलाई वितरण गरिएको छ ।

७. वार्षिक तथा आवधिक कृषि योजना तर्जुमा सम्बन्धी १ दिने अन्तक्रिया कार्यक्र सम्पन्न भएको छ भने कृषि विकास योजना तर्जुमाका लागि कृषि प्रोफायल निर्माणको तयारी अन्तिम चरणमा पुगेको छ ।

८. खोटेहाङ गाउँपालिकाका वडा ९ वटै वडाहरुमा १८ वटा कृषक समूहहरुद्वारा तरकारी उत्पादन प्रवर्धन कार्यक्रम सम्पन्न भएका छन ।

९. खोटेहाङ गाउँपालिका वडा नं. २ मा अलैची प्रशोधनका लागि आधुनिक भट्टी जडान कार्य सम्पन्न भएको छ ।

१०. गत वर्षको खडेरीका कारण पालिकाको विभिन्न वडाहरुका मकैको विउ अभाव भएका क्षेत्रमा रु. ८०० के.जी विउ खरिद गरि वितरण गरिएको छ ।

११. कृषि उपज बजार सुधार कार्यक्रम टहरा निर्माण कार्यक्रम अर्न्तगत खोटाङबजार र सिम्पानी बजारमा टहरा निर्माण कार्य अन्तिम चरणमा पुगेको ।

१२. आँप, लिची तथा कागतीका ३८०० वटा विरुवा वितरण गर्नका लागि रौतहट जिल्लाबाट खरिद गरी ल्याईएको छ भने वितरण कार्य अन्तिम चरणमा पुगेको छ।

१३. लकडाउनका समयमा पनि रु. ८,००,००० बराबरको ९२ मे. ट. रासायनिक मल ढुवानी गरि वितरणको कार्य सम्पन्न गरिएको छ ।

१४. वडा न. ५ चिप्रिङमा आलु पकेट विस्तार कार्यक्रम रु १,४५,०००(एक लाख पैतालिस हजार मात्र) को कार्य सम्पन्न भएको छ भने खोटेहाङ गाउँपालिका वडा नं. २ मा अलैची स्रोत विकास केन्द्रको विकास कार्य सम्पन्न भएको छ ।

१५. विशेष गरि मकै वालीमा प्रत्यक्ष असर पुऱ्याईरहेको फौजी किराको प्रकोप नियन्त्रणका लागि उपचार औषधी खरिद तथा ढुवानी गरि खोटेहाङ गाउँपालिकाका विभिन्न वडाहरुमा वितरण गरिएको छ ।

१६. कृषि तथा पशु विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६/७७ तर्जुमा गरि कार्यान्वयन गरिएको छ त्यसैगरि खोटेहाङ गाउँपालिकामा अवस्थित कृषि तथा पशुपालन क्षेत्रमा संलग्न सेवा प्रादायकको विवरण तथा अवस्था विश्लेषण २०७६/७७ तयार गरिएको छ ।

## ख. पर्यटन तथा संस्कृती

१. आर्थिक विकास अन्तर्गत पर्यटनलाई प्राथमिकता दिदैं आन्तरिक र बाह्य पर्यटन प्रवर्धनका लागि चालू आ. व. मा पालिका स्तरीय तथा वडास्तरीय कुल रु. १ करोड ५० हजार बराबरका इन्द्राणीपोखरी, सेल्मे कपासे भञ्ज्याङ, सोलढुंगा, रामप्रसाद राई स्मृति पार्क, लिकुवापोखरी, तीनकन्या पोखरी लगायतका ६ वटा योजनाहरु समावेश गरिए अनुसार राम प्रसाद राई स्मृति पार्क निर्माण सम्पन्न भईसकेको छ भने यस चालू आ. व. को अन्त्य सम्ममा सवै योजनाहरु सम्पन्न हुने गरि सञ्चालन भईरहेका छन ।

२. इन्द्राणीपोखरी पर्यटन क्षेत्र विकास योजनाका लागि नेपाल सरकारको विशेष अनुदान वापत प्राप्त रु २२ लाख र खोटेहाङ गाउँपालिकाबाट विनियोजित रु ३७ लाख रकमको एकमुष्ट रु. ५९ लाख बराबरको पर्यटन विकास योजनाको ठेक्का प्रकृयाबाट योजना सञ्चालन भईरहेको छ ।

३. सेल्मे कपासे भञ्ज्याङ पर्यटन प्रर्वद्धनका लागि पर्यटन पूर्वाधार विकास शिर्षकमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयको सशर्त अनुदान वापत प्राप्त रु २० लाख तथा खोटेहाङ गाउँपालिकाबाट विनियोजित रु. २० लाख गरि जम्मा रु. ४० लाख बराबर रकमको काम तिव्रताका साथ सञ्चालन भईरहेको छ ।

४. खोटेहाङ गाउँपालिकाका विभिन्न धार्मिक तथा सांस्कृतिक महत्व बोकेका स्थल तथा मन्दिरहरुको निर्माणद्वारा पर्यटन, धर्म तथा संस्कृतिको समानान्तर विकास, संरक्षण तथा प्रवर्धनका लागि यलम्बर पार्क निर्माण ( क्रमागत), पारुहाङ सुम्निमा पार्क, सुम्निमा पारुहाङ मन्दिर, श्यामगंगा मन्दिर, भगवती मन्दिर, खुटेश्वर मन्दिर लगायतका ९ वटा मन्दिर तथा क्षेत्रहरुको निर्माण तथा मर्मत कार्यका लागि कुल रकम ४९ लाख ७५ हजार रुपैयाँ विनियोजन भएका मध्ये सुम्निमा पारुहाङ मन्दिर गुप्तेश्वरी र खुटेश्वर मन्दिर निर्माणको काम सम्पन्न भईसकेको छ भने क्रमागत बाहेकका योजनाहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

# ❖ सामाजिक विकास

## क. शिक्षा

चालू आ. व. २०७६/७७ मा शिक्षा क्षेत्रको विकासका लागि चालू कार्यक्रम अर्न्तगत रु. २३ ला ७३ हजार २ सय विनियोजन भएको थियो भने पूँजिगत योजना तर्फ पालिका स्तरीय २ र वडा स्तरीय २७ सहित जम्मा २९ वटा योजना गरि कुल रु. ८० लाख ६० हजार ६ सय ८ रुपैया विनियोजन भए मध्ये अधिकांश योजनाहरु सम्पन्न भईसकेका छन र वाँकी योजनाहरु यस आ. व. को अन्त्य सम्ममा सम्पन्न भईसक्नेछन ।

चालू आ. व. मा शिक्षा क्षेत्रको विकासका लागि सञ्चालन भएका मुख्य मुख्य कृयाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. शैक्षिक सत्र २०७६ मा यस गाउँपालिका भित्रका कक्षा १ देखि ५ सम्मका ६ वटा आ.वि.हरुमा शुद्ध पिउने पानीका लागि फिल्टर व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको छ ।

२. शैक्षिक सत्र २०७६ मा गाउँपालिका भित्रका आधारभूत विद्यालयहरुको परीक्षा सञ्चालनमा कोरोना भाइरस ( कोभिड-१९ ) का कारण असहज वातावरण भएतापनि सञ्चालन भएका विषयको परीक्षा तालिकामा एकरुपता, केन्द्राध्यक्षको व्यवस्था, पालिका स्तरमा नै उत्तरपुस्तिकाको परिक्षण जस्ता कार्य गरी निष्पक्ष र मर्यादित बनाउने प्रयास गरिएको छ ।

३. कक्षा आठको परीक्षालाई व्यवस्थित निष्पक्ष बनाउन IEMIS Access (International Education Management Information System) उपलब्ध गराउने कार्य सम्पन्न भएको छ ।

४. क्याम्पस क्षेत्रलाई व्यवस्थित बनाउन क्याम्पस सिम्पानी क्याम्पस र खोटाङ क्याम्पस घेराबारा गर्ने कार्य सम्पन्न भईसकेका छन ।

५. विद्यालयहरुलाई व्यवस्थित बनाउँद लैजान तथा बालमैत्री बनाउन भुँई ढलान प्लास्टर, कक्षाकोठा मर्मत र व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, घेराबारा, चेनगेट र फर्निचर निर्माण, शौचालय निर्माण र मर्मत, खेलमैदान निर्माण र मर्मत, घडेरी निर्माण र भवन निर्माण जस्ता कार्यहरु उत्साहजनक रुपमा सम्पन्न भएका छन ।

६. विद्यालयहरुमा ICT(Information Communication Technology) र कम्प्युटर खरिद तथा व्यवस्थापन जस्ता क्रियाकलापका माध्यमबाट शिक्षा क्षेत्रमा प्रविधिको विकास र विस्तार गर्ने कार्य गरिएको छ ।

७. विद्यालयलाई बालमैत्री बनाउन बालमैत्री कक्षा व्यवस्थापन र बालमैत्री भित्तेलेखन गर्ने जस्ता कार्यक्रम सम्पन्न भएका छन ।

८. कोरोना भाइरस ( कोभिड-१९ ) को महामारीका बावजुद पनि शिक्षा शाखाबाट संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त सशर्त अनुदान, बित्तिय समानिकरण अनुदान,राजस्व बाँडफाँड लगायतबाट प्राप्त कार्यक्रमको निरन्तरता रुपमा कार्यसम्पादन गरिएको छ ।

९. विद्यालयहरुमा विज्ञान र प्रविधिको भरपूर प्रयोगका लागि विज्ञान प्रयोगशालको सञ्चालन र व्यवस्थापनका योजना तथा कार्यक्रमहरु सञ्चालन गरिएका छन ।

१०. विद्यार्थीहरुको बौद्धिक क्षमता अभिबृद्धिका लागि २०७६ माघ १४ गते शैक्षिक गुणस्तर सुधारमा स्थानीय तहको भूमिका विषयमा अर्न्तविद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता तथा अर्न्तविद्यालय स्तरीय हाजिरीजवाफ कार्यक्रम सम्पन्न गरिएको छ ।

११. खोटेहाङ गाउँपालिकाको शैक्षिक अवस्थाको विस्तृत अभिलेखयुक्त शैक्षिक प्रोफाईल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१२. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित अनुदान अर्न्तगत इन्द्राणीपोखरी मा. वि. मा साईन्स ल्याव निर्माण, भानु आ. वि. लिच्किराम्चे पुस्तकालय ब्यवस्थापन र विणा मा. वि. लिकुवापोखरीमा आई सि टि ब्यवस्थापन सम्बन्धी कार्य सम्पन्न हुने अन्तिम चरणमा रहेका छन ।

१३. नेपाल सरकारको सशर्त अनुदान वापत विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फ संघीय आ. वि. लिच्किराम्चेमा १६ लाख बराबरको भवन निर्माण र भगवती दिनानाथ मा. वि. खोटाबजारमा ५ लाख बराबरको रेट्रोफिटिङको कार्य अन्तिम चरणमा पुगेको छ ।

## ख. स्वास्थ्य

चालू आ. व. २०७६/७७ मा स्वास्थ्य क्षेत्रसंग सम्बन्धित पालिका स्तरिय चालू कार्यक्रम अर्न्तगत ७ वटा, पालिका स्तरिय पूँजिगत योजना अर्न्तगत २ वटा र वडा स्तरीय योजना अर्न्तगत ६ वटा योजना तथा कार्यक्रमको कुल रकम रु. ७५ लाख ६४ हजार ८ सय विनियोजन भएको थियो । जसमध्ये अधिकांश योजना तथा कार्यक्रम कार्यान्वय भईसकेको छ भने खोटेहाङ गाउँपालिकाको स्वास्थ्य सेवा क्षेत्रका केहि प्रमुख कृयाकलापहरु देहाय अनुसार रहेका छन ।

१. आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न औषधीको आपूर्तिमा निरन्तरता दिइएको छ । देशका अन्य स्थानिय तहहरुमा औषधी अभाव भएको खवरहरु सुनिएको बेला पनि हाम्रो गाउँपालिकामा औषधीको समस्या रहेको छैन ।

२. यस आ. व. सम्म गरि खोटेहाङ गाउँपालिकाका विभिन्न वडाहरुमा जम्मा ७ वटा स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न भएका छन भने मातृ तथा नवशिशुहरुको स्वास्थ्यलाई ध्यानमा राखि यस पालिका अन्तर्गतका वडा नं. १, ५ र ८ मा बर्थिङ सेन्टर सन्चालनको तयारीको अन्तिम चरणमा पुगेको छ भने ५ वटा वर्थिङ सेन्टरहरु चालू आ. व. देखी सञ्चालनमा आएका छन ।

३. गाउँघर क्लिनिक तथा खोप क्लिनिकबाट सहज रुपमा सेवा सन्चालनमा ल्याउन ३ वटा खोपकेन्द्र भवन निर्माण सम्पन्न भई सकेका छन भने अन्य थप २ वटा खोप केन्द्र भवन वडा नं. ६ र वडा नं. १ को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । त्यसै गरि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त शशर्त अनुदान वाट खोटेहाङ गाउँपालिका वडा नं. ९ मा सामुदायिक स्वास्थ्य भवन निर्माण कार्य यहि आ. व. मा सम्पन्न भएको छ ।

४. स्वास्थ्य चौकीहरुको अभिलेख ब्यवस्थापन तथा आवधिक प्रतिवेदन कार्य सहज बनाउन का लागि ६ वटा स्वास्थ्य चौकीहरुमा कम्प्युटर, प्रिन्टर ब्यवस्था गरिएको छ ।

५. विश्वभर महामारीको रुपमा रहेको कोरोना भाइरस डिजिज (COVID -19) को समयमा पनि गाउँपालिकाको समन्वय तथा प्रोत्साहनमा स्वास्थ्यकर्मीहरुले जनतालाई सार्बजनिक बिदाको दिनमा समेत सहज रुपमा सेवा उपलब्ध गराईरहेका छन् ।

६. स्वास्थ्य सेवा लाभग्राही लाई सरल र सहज रुपमा सेवा प्रदान गर्नका लागि स्वास्थ्य चौकी खोटाङबजार र स्वास्थ्य चौकी ईन्द्रेणीपोखरीमा २ वटा स्वस्थ्य प्रयोगशाला (Lab ) सेवा सञ्चालनमा ल्याईएको छ ।

७. स्वास्थ्य चौकीहरुको रेकर्डिङ तथा रिपोर्टिङलाई चुस्त र दुरुस्त राख्न DHIS-2 System () अनलाईन प्रबिष्टीको काम खोटेहाङ गाउँपालिकाको स्वास्थ्य शाखाबाट सञ्चालनमा ल्याईएको छ ।

८. खोटेहाङ गाउँपालिकाको पहलमा राष्ट्रपती महिला उत्थान कार्यक्रम अन्तर्गत ज्यान जोखिममा रहेका सुत्केरी महिलाहरुको उद्दार गरि थप उपचारका लागि काठमाडौ पठाइ ज्यान बचाउन सफल भइएको छ ।

९. कर्मचारी समायोजन पश्चात स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मी नभएर सेवा बन्द हुने अवस्थामा रिक्त रहेका पदहरुमा ९ जना अनमी ८ अहेव २ ल्याव असिस्टेन्ट गरि जम्मा १८ जना कर्मचारी नियुक्त गरि स्वास्थ्य सेवा प्रवाहलाई सहज बनाइएको छ ।

१०. कोभिड १९ महामरीका कारण नेपालका विभिन्न भूभाग तथा विदेशी मुलुकबाट खोटेहाङ गाउँपालिका प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य सुरक्षा तथा सामुदायको स्वास्थ्य सुरक्षाका लागि ७७ बेड क्षमताको क्वारेन्टाईन गृहको व्यवस्था गरिएको छ ।

११. कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रण कार्यका लागि खोटेहाङ गाउँपालिकाबाट ३० थान पि. पि. ई. सेट, स्यानिटाईजर, इन्फारेड थर्मोमिटर, सर्जिकल मास्क, सर्जिकल ग्लोभ्स लगायतका स्वास्थ्य सामाग्री खरिद गरि स्वास्थ्य संस्था तथा हेल्थ डेस्कमा सेवारत स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुलाई वितरण गरिएको छ । त्यसैगरि जिल्ला स्वास्थ्य कार्यालय, खोटाङद्वारा पि. पि. ई. सेट ६ थान, इन्फारेड थर्मोमिटर ३ थान लगायतका स्वस्थ्य सामाग्री प्राप्त भएको छ भने वन हार्ट वर्ल्ड वाईड प्रा. लि. खोटाङको तर्फबाट खोटेहाङ गाउँपालिकाका ४ वटा बर्थिङ सेन्टरहरुलाई १/१ थान इन्फारेड थर्मोमिटर, १/१ थान गाउन र स्यानिटाईजर सहयोग स्वरुप प्राप्त भएको छ ।

१२. कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रण कार्यका लागि नेपालका विभिन्न भूभाग तथा अन्य मुलुकरुबाट खोटेहाङ गाउँपालिका प्रवेश गर्ने (हालको मिति सम्म) १०० जना नागरिकहरुको आर डि टि परिक्षण तथा ३१ जनाको पि सि आर जाँच गरिएको छ र सवैजनाको नेगेटिभ रिपोर्ट आएको छ ।

## ग. सामाजिक समावेशीकरण

महिला, बालबालिका, दलित, जनजाती, अपाङ्ग, ज्येष्ठ नागरिक, अल्पसंख्यक लगायतका नागरिकहरुको सशक्तिकरण तथा सामाजिक समावेशीकरणका लागि चालू आ. व. मा पालिका स्तरीय तथा वडा स्तरीय गरि कुल रु. ५४ लाख ६१ हजार ४ सय ८३ रकम विनियोजन भएकोमा यस चालू आ. व. देहाय बमोजिम मुख्य कृयाकलाप हरु सञ्चालन भएका छन ।

- अपाङ्ग लागत संकलन तथा अंपाङगता परिचयपत्र वितरण सम्बन्धी मिति २०७६।०८।०३ गते देखि ५ गते सम्म ३ दिने घुम्ति सेवा संचालन गरिएको छ भने हाल सम्म १९१ वटा अंपाङगता परिचय पत्र वितरण गरिसकिएको छ ।
- हालसम्म ५५५ जनालाई ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचय पत्र कार्ड वितरण गरिएको छ ।
- ९ वटै वडामा ज्येष्ठ नागरिक भेटघाट चौतारी निर्माण कार्य सम्पन्न भई फरफारक गर्ने काम अन्तिम चरणमा पुगेको छ ।
- वडा नं. ३ र वडा नं. ८ का ३ वटा महिला समूह तथा आमा समूहका भवनहरुको पुर्ननिर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।
- खोटेहाङ गाउँपालिकाका विभिन्न वडाहरुमा टनेल तथा प्लास्टिक पोखरी, कपडा सिउने सिलाई मेशिन खरिद तथा वितरण लगायतका दलित आय आर्जनका कार्यक्रम, महिला आय आर्जन लक्षित सिस्नु पाउडर कार्यक्रम लगायतका विविध कार्यक्रम, जनजाती लक्षित, बालवालिका, युवा, ज्येष्ठ नागरिक लक्षित तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरुको सञ्चालन हुने क्रममा छन ।

## घ. खानेपानी तथा सरसफाई

१. खोटेहाङ गाउँपालिकाको चालू आ. व. २०७६/७७ मा खानेपानी पर्याप्तता र सरसफाईयुक्त गाउँपालिकाको सुनिश्चतता लाई मध्यनजर गर्दै कुल रकम १ करोड ११ लाख ३० हजार २ सय ६९ रुपैया ७० पैसा बराबरको २६ वटा योजना तयार गरिएको थियो ।

२. पालिका स्तरिय तथा वडा स्तरीय खानेपानि तथा सरसफाई सम्बन्धी योजनाहरु मध्ये वडा नं. २ मा २ वटा र वडा नं. ४ मा १ गरि ३ वटा सार्वजनिक शौचालय निर्माणका लागि वजेट विनियोजन भएकोमा वडा नं. ४ मा शौचालय निर्माण सम्पन्न भईसकेको छ भने, वडा नं. २ मा शौचालय निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

३. खोनपानी मर्मत तथा निर्माण सम्बन्धी २२ वटा योजनाहरु मध्ये ७ वटा योजनाहरुको निर्माण कार्य सम्पन्न भईसकेको छ, ११ वटा योजनाहरुको निर्माण तथा मर्मत कार्य अन्तिम चरणमा पुगेको छ भने बाँकी ४ वटा योजनाहरु कोभिड १९ महामारीका कारण प्रभावित भई सञ्चालन नहुने अवस्थामा रहेका छन ।

४. फोहोरमैला ब्यवस्थापन शिर्षकमा पालिकाबाट विनियोजित रु. ३ लाख र वडा नं. ७ बाट विनियोजित रु. ३ लाख गरि जम्मा रु ६ लाखबाट खोटाङबजारको फोहोर मैला संकलन र डम्पिङ साइटमा ब्यवस्थापन गर्ने कार्य नियमित रुपमा भईरहेको छ ।

## ङ. युवा तथा खेलकुद

१. चालू आ. व. मा युवा तथा खेलकुद अर्न्तगत विभिन्न शिर्षक अर्न्तगत रु. २८ लाख ३५ हजार विनियोजन भए मध्ये २ वटा खेलमैदान निर्माण सम्पन्न भएसंगै खोटेहाङ गाउँपालिकाका विभिन्न वडाहरुमा निर्माण सम्पन्न भएका खेलमैदानहरुको संख्या ८ पुगेको छ ।

२. चालू आ. व. युवाहरुलाई खेलकुद क्षेत्रमा प्रोत्साहन गर्नका लागि विभिन्न गाउँपालिका तथा नगरपालिकामा आयोजना भएका प्रमुख तथा अध्यक्ष कपमा खोटेहाङ गाउँपालिकाबाट सहभागी हुने खेलाडी टोलीहरुका लागि आर्थिक सहयोग गरिएको छ ।

३. खोटेहाङ गाउँपालिका स्तरीय खेलकुद समिति गठन गरिएको छ भने पालिका स्तरिय फुटबल टोली छनौट भएका खेलाडीहरुलाई पोशाक तथा अन्य खेल सामग्री समेत प्रदान गरिएको छ ।

४. खोटेहाङ गाउँपालिकाको विभिन्न वडाहरुमा यस चालू आ. व. मा वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भएका छन, पालिका स्तरीय प्रतियोगिताका लागि तेस्रो अध्यक्ष कप भलिवल प्रतियोगिता तथा वार्षिक उत्सव कार्यक्रम सञ्चालनार्थ रु. ७ लाख विनियोजन गरिएको भएपनि कोभिड १९ का कारण प्रतियोगिता स्थगित गरिएको छ ।

## ङ. बहुक्षेत्रीय पोषण

१. चालू आ. व. २०७६/७७ मा बहुक्षेत्रीय पोषण योजना अर्न्तगत कुल रकम रु. १९ लाख १९ हजार बराबरका १५ वटा कार्यक्रमहरुको कार्ययोजना तर्जुमा भएका मध्ये अधिकांश कार्यक्रमहरु कोभिड १९ का कारण प्रभावित भई कार्यान्वयन हुन नसक्ने अवस्थामा पुगेका छन भने गाउँपालिका स्तरिय तथा वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित वैठक, गर्भवती तथा सुत्केरी आमाहरुलाई घरभेट

सम्मान कार्यक्रम, विद्यालयहरुमा किशोरीहरुलाई आईरन चक्की वितरण एवं पोषण सम्बन्धी सन्देशमुलक होर्डिङ बोर्ड निर्माण लगायतका कार्यक्रम तथा गतिविधिहरु सम्पन्न भएका छन ।

## च. प्रधानमन्त्री रोजगार कार्यक्रम

१. रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम रोजगार संयोजकका लागि परिक्षा सञ्चालन भई रोजगार संयोजकको नियुक्ती गरिएको छ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत खोटेहाङ गाउँपालिकाको आ. व. २०७६/७७ को लागि विनियोजन भएको रु. १० लाख रकमलाई खोटेहाङ गाउँपालिकाका विभिन्न वडाका बेरोजगार युवाहरुलाई रोजगारी र विकाससंग जोड्न ९ वटै वडाबाट सिफारिस भएका ३०० जना बेरोजगारको नामावली EMIS(Employement Management Information System) मा प्रविष्टी भएका मध्ये प्रत्येक वडाबाट ४ जनाको दरले सिफारिस भएका बेरोजगार युवाहरुद्वारा वडा भित्रै भएका विभिन्न पालिका स्तरिय सडक खण्डहरुको मर्मत सम्भार कार्य सञ्चालन भईरहेको छ ।

३. आ.व २०७७/७८ का लागि खोटेहाङ गाउँपालिकाभरिका बेरोजगार जनशक्तीको तथ्याङ्क संकलन गरि सूची तयार गरिएको छ ।

# ❖ सुशासन तथा संस्थागत विकास क्षेत्र

सुशासन तथा संस्थागत विकासका लागि चालू आ. व. मा विनियोजन भएको कुल रकम रु. १ करोड १२ लाख ४० हजार विनियोजन भए अनुसार सञ्चालन भएका मुख्य मुख्य कृयाकलाप एवं प्राप्त उपलब्धीहरु यसप्रकार छन :

## क. सुशासन तथा संस्थागत विकास

१. सहज र गुणस्तरीय सेवा प्रवाहका लागि खोटेहाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भवन निर्माण सम्पन्न भई मिति २०७६।१०।१६ मा उदघाटन भएको छ त्यसैगरि वडा नं. ४ को निर्माणाधिन वडा कार्यालय भवन निर्माण सम्पन्न भैसकेको छ भने वडा नं. १, ६ र ८ मा वडा कार्यालयको भवन ठेक्काका माध्यमबाट निर्माण भैरहेको छ ।

२. गाउँकार्यपालिकाको कार्यालयमा डिजिटल नोटिस बोर्ड, ई - हाजिरी, तथा द्रुत गतिको इन्टरनेट जडान भएको छ ।

३. लोकसेवा आयोगको परिक्षा उत्तिर्ण गरि सिफारिस भएका ३ जना छैटौं तहका अधिकृत, ७ जना पाँचौ तह र ८ जना चौथो तह गरि कुल १८ जना कर्मचारीहरुको नियुक्ती भई सेवा प्रवाहका लागि आवश्यक जनशक्ति पूर्ति भएको छ भने प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनार्थ एक जना रोजगार संयोजक, स्वास्थ्य चौकी हरुका लागि आवश्यक ९ जना अनमी ८ अहेव २ ल्याव असिस्टेन्ट गरि जम्मा १८ जना कर्मचारी त्यसैगरि पञ्जिकरण शाखाका लागि १ जना एम आई एस अपरेटर र २ जना फिल्ड सहायकको करार सेवाबाट पदपूर्ति गरिएको छ ।

४. खोटेहाङ गाउँपालिकाको आयोजनामा २०७६/०६/०३ गते संविधान दिवस, २०७७/०२/१५ गते गणतन्त्र दिवस मनाईएको छ ।

५. सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जनताको रचनात्मक सहभागिता प्रर्वद्धनका लागि खोटेहाङ गाउँपालिकाको २०७६/०९/२८ मा अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

६. खोटेहाङ गाउँपालिकाको पालिका गान तथा वृत्तचित्र निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।

७. खोटेहाङ गाउँपालिकाको लेखा प्रणालीलाई पूर्णरुपमा विद्युतिय माध्यमबाट सञ्चालन गर्न थालिएको छ भने लेखा प्रणाली सुत्रका माध्यमबाट सञ्चालन भैरहेको छ ।

८. आन्तरिक लेखा परिक्षक नियुक्त भई आन्तरिक लेखा परिक्षणको कार्य सुरु भएको छ भने गाउँपालिकाको नाममा आ. व. २०७६/७७ को प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको रु. १ करोड ५० लाख वेरुजु सम्परिक्षण भएको छ भने अन्य बेरुजु समेत फर्छ्यौट गर्ने कार्य द्रुत गतिमा भैरहेको छ ।

९. खोटेहाङ गाउँपालिकाका वडाहरुमा कार्यरत वडा सचिव तथा प्रशासन सहायकहरुलाई विद्युतिय माध्यमद्वारा गरिने पञ्जिकरणका लागि आवश्यक ३ दिने एम आई एस तालिम प्रदान गरिएको छ ।

१०. खोटेहाङ गाउँपालिकाको योजना तथा कार्यक्रमहरु सम्पादनका लागि कार्ययोजना तयार गरि सोहि कार्ययोजना बमोजिम कार्यसम्पादन भएको छ ।

## ख. आन्तरिक राजश्व

१. चालु आ.व. २०७६/७७ मा राजस्वका विभिन्न क्षेत्र र दरका आधारमा रु २९ लाख ५९ हजार ३ सय ५० संकलन हुने अनुमान गरिएको थियो भने हालसम्म (जेठ मसान्तसम्म) मा यस गाउँपालिका र वडाहरुबाट रु. *२१,७९,९३५।२* जम्मा हुन आई राजश्व लक्ष्यको ७३.६६ प्रतिशत प्रगति हासिल भएको छ भने COVID-19 को लकडाउनबाट समग्र आर्थिक क्षेत्र प्रभावित भएका कारण यस आ. व. को अन्तिम समयसम्ममा शत प्रतिशत लक्ष्य प्राप्त हुन भने असहज परिस्थिति सृजना भएको छ ।

२. यस आ.व.मा खोटेहाङ गाउँ पालिका अन्तर्गतका ९ वटा वडाहरुमध्ये जेठ महिना सम्मको राजश्व देहाय बमोजिम संकलन भएको छ :

-वडा नं. १, रु. २१२४६८। (दुई लाख बाह्र हजार चार सय अठ्सट्ठी),
-वडा नं. २, रु. १०५३७९। (एक लाख पाँच हजार तीन सय उनासि),
-वडा नं. ३, रु. ११८०९२। (एक लाख अठार हजार बयानब्बे),
-वडा नं. ४, रु. ११८९९४। (एक लाख अठार हजार नौ सय),
-वडा नं. ५, रु १२९०१२। (एक लाख उनान्तीस हजार बाह्र),
-वडा नं. ६, रु. ११२४६९। (एक लाख बाह्र हजार चार सय उनान्सत्तरी)
-वडा नं. ७, रु. १३५८१५। (एक लाख पैतीस हजार आठ सय पन्ध्र),
-वडा नं. ८, रु. १९९६४३। (एक लाख उनान्सय हजार छ सय त्रिचालिस),
-वडा नं. ९, रु. २७२५६३। (दुई लाख बहत्तर हजार पाँच सय त्रिसट्ठी),

वडाबाट जम्मा भएको जम्मा रकम रु. १४०४४२४.२४। (चौध लाख चार हजार चार सय चौबिस रुपैया चौबिस पैसा) ।

३. खोटेहाङ गाउँपालिका अन्तर्गत सिफारिस दस्तुर, दर्ता शुल्क, बहाल कर, मालपोत कर, बोलपत्र बिक्रि लगायतका विभिन्न क्षेत्रबाट प्राप्त राजश्व रकम रु. ७,७५,५११। (सात लाख पचहत्तर हजार पाँच सय एघार)। आन्तरिक राजश्व खातामा जम्मा भएको छ ।

## क. न्यायिक समिति

१. आर्थिक वर्ष २०७६/७७ मा खोटेहाङ गाउँपालिकाको स्थानीय न्यायिक समितिद्वारा निम्नानुसार न्यायिक कार्यसम्पादन भएका छन :

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ अर्न्तगत दर्ता भएका ३ वटा विवादहरु मेलमिलापका माध्यमबाट किनारा लगाईएको छ ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा २ अर्न्तगत दर्ता भएको उजुरीको मेलमिलापका माध्यमबाट किनारा लगाईएको छ ।
- खोटेहाङ गाउँपालिकाको स्थानीय न्यायिक समितिको मेलमिलाप कार्यसञ्चालन कार्यविधि २०७६ तर्जुमा गरि गाउँकार्यपालिकाबाट अनुमोदन भई लागू गरिएको छ ।
- न्यायिक समितिको मेलमिलाप कर्ताहरुको नामावली र न्यायिक समितिको अधिकारको सूची प्रकाशन गरि सवै वडाकार्यालयहरुमा वितरण गरिएको छ ।

## ❖ वन वातावरण तथा बिपद् ब्यवस्थापन क्षेत्र

१. खोटेहाङ गाउँपालिकाको बिपद् ब्यवस्थापन कोषका लागि चालू आ. व. मा रु. ७ लाख विनियोजन भएकोमा महामारीका रुपमा देखा परेको कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकार प्रदेश नं. १ वाट रु. ५ लाख, गाउँपालिकाका सम्पूर्ण गाउँसभा सदस्यहरुको एक महिना बरावरको सेवा सुविधावाट रु. ५ लाख ७६ हजार, खोटेहाङ गाउँपालिकाका कर्मचारीहरुको तलवबाट ३ दिन बरावरको कट्टी रकम रु. १ लाख १३ हजार १ सय ४२, गाउँपालिकाका सबै विद्यालयमा कार्यरत शिक्षक, वाल शिक्षक तथा कर्मचारीहरुको तलवबाट एक दिन बरावरको कट्टी रकम रु. २ लाख ४१ हजार ५ सय ९१, स्थानीय दाताहरु श्री राजन कुमार बन्जारा, श्री राजन प्रसाद ढकाल र श्री नारायण फुयलबाट जम्मा रु. २८ हजार १ सय ५५ र चालू कार्यक्रमबाट २९ लाख ४८ हजार रकमान्तर गर्ने कार्यपालिकाले निर्णय गरि विपद् ब्यवस्थापन कोषको खातामा कुल जम्मा रकम रु. ५० लाख ९८ हजार ७ सय ७८ रुपैया जम्मा भई कोभिड १९ महामारीको नियन्त्रण तथा ब्यवस्थापनका लागि खर्च भईरहेको छ ।

२. कोरोना महामारी विरुद्ध लड्न ६० बेड क्षमताको क्वारेन्टाईन गृहको ब्यवस्था गरि क्वारेन्टाईनका लागि आवश्यक खाने तथा वस्ने ब्यवस्था गरिएको छ ।

३. कोरोना महामारीका कारण लागू गरिएको लकडाउनका कारण दैनिक जिविकोपार्जनमा समस्या भएका ९ ओटै वडाका २५० घरपरिवारलाई दैनिक जीवनयापनका आधारभूत आवश्यकताका सामाग्रीहरु चामल, दाल, नुन, तेल, सावुन लगायतका राहत सामग्री वितरण गरिएको छ ।

३. चालू आ. व. मा दैवी प्रकोपबाट उत्पन्न विपद्बाट पिडित नागरिकहरुलाई तपशिल बमोजिम राहत प्रदान गरिएको छ ।

- गत असारको अविरल वर्षाका कारण गएको बाढी पहिरोबाट भएको मानविय तथा अन्य क्षतीहरुको विवरण संकलन गरि उक्त क्षतिलाई क, ख, ग, घ गरि ४ वर्गमा वर्गीकरण गरि रु. २० हजार, १२ हजार, ८ हजार र ५ हजारका दरले राहत स्वरुप १ सय ६४ घर परिवारलाई जम्मा रु. १२ लाख ८५ हजार बराबर राहत स्वरुप क्षतिपूर्ति एवं १७ वटा पाल समेत उपलब्ध गराईएको छ ।
- आगलागी तथा बाढिपिडित १० घर परिवारलाई त्रिपाल वितरण गरिएको छ ।
- ईलाका प्रहरी कार्यालय खोटाङजारा तथा नेपाल प्रहरीका सिम्पानी, थामखर्क एयरपोर्ट, वाप्लुखाका ४ वटा इकाईहरु एवं नेपाल रेडक्रस सोसाईटी उपशाखा सिम्पानी र वाप्लुखाका लागि विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन सम्बन्धी विभिन्न औजार तथा उपकरण सामाग्री खरिद गरिएको छ भने सो सामाग्रीहरु सवै प्रहरी कार्यालय तथा रेडक्रस उपशाखालाई यस केहि दिन भित्रै हस्तान्तरण गर्ने तयारी गरिएको छ ।
- खोटेहाङ गाउँपालिकाका विभिन्न प्रकारका दीर्घ रोगी, गम्भीर प्रकृतीका विमारी एवं आगलागी तथा बाढी पहिरो पिडित नागरिकहरुलाई विभिन्न समयमा आर्थिक सहयोग गरिएको छ ।

# ❖ विविध क्षेत्र

- **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता**

(१) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवा इकाइ स्थापना भएको छ ।

(२) सामाजिक सुरक्षामा नँया निवेदनको दर्ता तथा लगत कट्टा र सामाजिक सुरक्षा भता वितरणमा गर्नुपर्ने काम भइरहेको छ ।

(३) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अर्न्तगत वडा कार्यलयमाहरुमा भएका घटना दर्ताको सँख्यात्मक विवरण प्रमाणित गरि विभागमा पठाइएको छ ।

सामाजिक सुरक्षा भत्तावापत पहिलो चौमासिक रु २,०२,९४,४०० - (दुई करोड दुइ लाख चौरानब्बे हजार चार सय मात्र) र दोस्रो चौमासिकमा रु २,०३,९०,४०० (दुई करोड तीन लाख नब्बे हजार चार सय मात्र) गरि जम्मा ४,०२,६२,८०० (चार करोड दुई लाख बैसट्ठी हजार आठ सय मात्र )वितरण भएको छ । - यसमा फिर्ता भएको रकम उल्लेख गरिएको छैन ।

- **दिवश तथा उत्सव :**

१. २०७६।०६।०३ गते संविधान दिवस,
२. २०७६।०८।१७ गते २८ औं अर्न्तराष्ट्रिय अपांग दिवस,
३. २०७७।०२।१५ गते गणतन्त्र दिवस भव्य रुपमा मनाईयो ।

यसरी हामीले चालू आ. व. २०७६/७७ को सम्पादित योजना तथा कार्यक्रमहरुद्वारा कोभिड १९ को कहरयुक्त समयमा पनि सिंगो गाउँपालिकाको विकास र समृद्धिको रहरलाई वचाईरहन हरसम्भव प्रयत्न गरेका छौँ । यस कहरमय समयमा चालू आ. व. को सुरुवाती समयमा गरेका वाचा र तय गरेका लक्ष्यहरु, संकल्प र महत्वकांक्षाहरुलाई पूर्णता प्रदान गर्न प्रयास गर्दा गर्दै पनि शत प्रतिशत नतिजामुखी बनाउन भने सकिएको छैन । यद्यपि विगतका सफलता असफलताबाट प्राप्त अनुभवहरुका आधारमा आगतलाई शत प्रतिशत फलदायी बनाउने महत्वकांक्षा सहित आ. व. २०७७/७८ को वजेट तर्जुमा गरिएको छ ।

खोटेहाङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वजेट नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका कानूनी प्रावधानहरु, नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं वजेट, खोटेहाङ गाउँपालिकालाई नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त वजेट सिमा, स्थानीय स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिद्वारा निर्णय गरिएका अनुमानित राजश्व एवं अनुमानित आय व्यय विवरण, नेपाल सरकारद्वारा ब्यवस्था गरिएको स्थानीय तहको बजेट तथा योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, नेपाल सरकार तथा प्रदेश सरकारका दिर्घकालिन लक्ष्य तथा उद्धेश्यहरु, गाउँकार्यपालिकाद्वारा भएका महत्वपूर्ण निर्णयहरु, विभिन्न समयमा भएका विषयगत समिति तथा सरोकारवालाहरुसंगको अर्न्तक्रियाबाट प्राप्त सुझावहरु एवं खोटेहाङ गाउँपालिकाको महत्वका विविध विषयहरुलाई आधार मान्दै कुल ४१,१८,३९,७२२।- (अक्षरेपी एकचालीस करोड अठार लाख उनन्चालीस हजार सात सय बाईस रुपैया मात्र।-) बराबर अनुमानित आयको वार्षिक वजेट तयार गरिएको छ ।

**अब म आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।**

**उद्देश्यहरुः**

- नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु परिपुर्ति गर्दै शान्ति, सुशासन ,विकास र समृद्धि हासिल गर्ने,
- उपलब्ध स्रोत साधान, अवसर र क्षमताको अधिकतम उपयोग गरि सामाजिक, आर्थिक विकास गर्ने,
- आर्थिक, भौतिक तथा सामाजिक रुपान्तरण गरि न्यायपूर्ण र समतामुलक समाज स्थापना गर्ने ।

**प्राथमिकताहरुः**

क) आर्थिक विकास र गरिवी निबारणमा प्रत्यक्ष सहयोग पुग्ने,

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल दिने,

ग) जनताको जीवनस्तर सुधार, आम्दानी र रोजगार बढ्ने,

घ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

ङ) महिला, वालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समूदायलाई प्रत्यक्ष लाभ पुग्ने,

च) दीगो विकास र वातावरण संरक्षण- सम्वर्द्धनमा सघाउ पुग्ने ।

**उपस्थित महानुभावहरु**

अव म आ.ब. २०७७।७८ को आय व्ययको विवरण प्रस्तुत गर्न चाहान्छु ।

## आय तर्फ

आगामी आर्थिक वर्षको लागि संघीय सरकारबाट यस गाउँपालिकालाई वित्तीय समानिकरण अनुदान वापत **रु. ९ करोड ६४ लाख,** राजस्व बाँडफाँड अन्तर्गत **रु. ७ करोड ६० लाख ७ हजार ७ सय २२** र सशर्त अनुदान वापत **रु. २१ करोड ८७ लाख** र विशेष अनुदान **५० लाख** गरी जम्मा **३९ करोड ६१ लाख ७ हजार ७ सय २२ रुपैया** प्राप्त भएको छ । त्यसै गरी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान बापत **रु. ६९ लाख ९२ हजार,** सवारी कर वाँडफाँडबाट **रु ५४ लाख ४४ हजार** गरि जम्मा **रु. १ करोड २४ लाख ९२ हजार रुपैयाँ** प्राप्त भएको छ त्यसैगरि गाउँपालिकाको आगामी आ.व.को आन्तरिक आम्दानी **रु.३३ लाख** अनुमान गरिएको छ । आगामी आ. व.का लागि सामाजिक सुरक्षा अर्न्तगत प्राप्त हुने करिव **७ करोड** रुपैया समेत गरि कूल अनुमानित आय रकम **रु. ४१ करोड १८ लाख ३९ हजार ७ सय २२ रुपैयाँ** रहेको छ । सम्पुर्ण आयको विस्तृत विवरण **अनुसूचि १** मा समाबेश गरिएको अनुरोध गर्दछु ।

## व्यय तर्फ

१. सशर्त अनुदान बापत प्राप्त भएको **रु. २१ करोड ८७ लाख** शिक्षा, स्वास्थ्य, आयुर्वेद, कृषि, पशु, उर्जा, महिला विकास लगायतका क्षेत्रमा संघबाटै कार्यक्रम र बजेट तोकिएर आएकोले त्यसलाई सम्बन्धित विषयगत कार्यालयसँग समन्वय गरी खर्च गरिनेछ ।

२. सशर्त अनुदान वाहेक **रु १८ करोड ८१ लाख ३९ हजार ७ सय २२** रकमको ४० प्रतिशत (**रु. ७ करोड ६० लाख ७ हजार ७ सय २२ रुपैयाँ**) रकमलाई कार्यालय सञ्चालन खर्च र विविध प्रकारका तालिम र सीप विकास कार्यक्रमहरुको लागि चालु खर्चको रुपमा छुट्याईएको छ । बाँकी रहेको ६० प्रतिशत अर्था**त ११ करोड २१ लाख ३२ हजार रुपैयाँ**लाई शत प्रतिशत मानी त्यसको ४० प्रतिशत रकम वडाहरुको लागि र ६० प्रतिशत रकम गाउँपालिकाबाट सञ्चालन हुने पूँजिगत कार्यक्रमहरुको लागि विनियोजन गरिएको छ ।

वडाहरुतर्फ विनियोजित कूल रकमलाई पुनः सत् प्रतिशत मानी ४० प्रतिशत रकम दामासाहीले र ६० प्रतिशत रकम वडाको जनसंख्या र भूगोल र राजस्व परिचालनलाई आधार मानी समानुपातिक रुपमा विनियोजन

गरिएको छ । संघीय तथा प्रदेश कानून, अन्य स्थानीय निकायले अवलम्बन गरेको अभ्यास, आगामी आर्थिक वर्षमा वडाहरुले सम्पादन गरेको कार्यको स्तर लगायत अन्य वस्तुगत आधारमा रहेर आगामी आ. व. हरुमा वडाहरुमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ । वडागत रुपमा न्युनतम बजेट, भुगोलका आधारमा बाँडफाँड बजेट, जनसंख्याका आधारमा बाँडफाँड बजेट र राजश्वका आधारमा बाँडफाँड गरिएको विवरण अनुसूचिहरु(१ देखि ६ सम्म)मा समावेश गरिएको छ ।

उल्लेखित बजेटका प्राथमिकता, उदेश्य र बजेट बाँडफाँडका आधार गाउँकार्यपालिका बैठकको निर्णय समेतलाई मध्यनजर गरी बनाईएको छ । बजेटको कार्यान्वयनमा सबै सरोकारवालाहरुको सहयोगको अपेक्षा गर्न चाहान्छु । चालु आ.व. २०७६।७७ को आम्दानी र खर्च आषाढ मसान्त सम्म भई रहने हुदा यथार्थ विवरण आउन सकेको छैन । चालु आ.व.को आषाढ मसान्त पछि समिक्षा बैठकमा आय व्ययको यथार्थ विवरण पेश गर्ने प्रतिवद्धता ब्यक्त गर्दै विदा चाहान्छु ।

**.....धन्यवाद.....**

# अनुसूची १ आय तर्फको अनुमानित वजेट

खोटेहाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खोटाङबजार, खोटाङ

## आर्थिक बर्ष २०७७।७८ को राजस्व आय तर्फ

| राजस्व अनुमान | राजस्वका शीर्षक | अनुमानित राजस्व रकम |
|---|---|---|
| संघीय सरकारको अनुदान | वित्तीय समानीकरण | ९६४००००० |
| | राजस्व बाँडफाँड | ७६००७७२२ |
| | सशर्त अनुदान | २१८७००००० |
| | विशेष+समपुरक अनुदान | ५०००००० |
| | जम्मा अनुदान | ३९६१०७७२२.०० |
| प्रदेश सरकारको अनुदान | वित्तीय समानीकरण | ६,९९२,००० |
| | राजस्व बाँडफाँड | ५४४०००० |
| | सशर्त अनुदान | |
| | विशेष+समपुरक अनुदान | |
| | जम्मा अनुदान | १२४३२०००.०० |
| आन्तरिक आम्दानी | | |
| | जम्मा आन्तरिक श्रोत | ३३००००००.०० |
| कूल जम्मा बजेट रकम रु | | ४११८३९७२२.०० |
| सशर्त बाहेक कूल बजेट रकम रु | | १८८१३९७२२.०० |

## अनुसूची २ ब्यय तर्फको अनुमान

| आर्थिक बर्ष २०७७।७८ को राजस्व व्यय तर्फ | |
|---|---|
| ४० प्रतिशत रकम | ७६००७७२२.०० |
| ६० प्रतिशत रकम | ११२१३२०००.०० |
| ६० प्रतिशत पालिका तर्फ | ६७३५४७४६.१६ |
| ४० प्रतिशत बडा तर्फ | ४४७७७२५३.८४ |
| ४० प्रतिशत वडाले न्युनतम पाउने रकम | १७९१०९०१.५४ |
| ६० प्रतिशत बडाले भुगोल, जनसंख्या र राजश्वका आधारमा पाउने रकम | २६८६६३५२.३० |
| ४० प्रतिशत वडाले न्युनतम पाउने रकमलाई ९ भागमा बाड्दा प्रत्येक वडाले न्युनतम पाउने रकम | १९९०१००.१७ |
| ४५ प्रतिशत भुगोलका आधारमा | १२०८९८५८.५४ |
| ४५ प्रतिशत जनसंख्याका आधारमा | १२०८९८५८.५४ |
| १० प्रतिशत राजश्वका आधारमा | २६८६६३५.२३ |

## अनुसूची ३ भुगोलका आधारमा वडाहरुले पाउने रकमको वाँडफाँड

| वडागत क्षेत्रफल(वर्ग कि.मी.) | वडा हरू | रकम |
|---|---|---|
| २१.४५ | वडा नं. १ ले भुगोलका आधारमा पाउने रकम | १५८०३९७.७४ |
| २१.०९ | वडा नं. २ ले भुगोलका आधारमा पाउने रकम | १५५३८७३.५८ |
| १७.२ | वडा नं. ३ ले भुगोलका आधारमा पाउने रकम | १२६७२६५.३२ |
| १३.२७ | वडा नं. ४ ले भुगोलका आधारमा पाउने रकम | ९७७७०९.९३ |
| ९.४६ | वडा नं. ५ ले भुगोलका आधारमा पाउने रकम | ६९६९९५.९३ |
| १७.०३ | वडा नं. ६ ले भुगोलका आधारमा पाउने रकम | १२५४७४०.०३ |
| १६.०१ | वडा नं. ७ ले भुगोलका आधारमा पाउने रकम | ११७९५८८.२५ |
| १६.५२ | वडा नं. ८ ले भुगोलका आधारमा पाउने रकम | १२१७१६४.१४ |
| ३२.०६ | वडा नं. ९ ले भुगोलका आधारमा पाउने रकम | २३६२१२३.६२ |

## अनुसूची ४ जनसङ्ख्याका आधारमा वडाहरुले पाउने रकमको बाँडफाँड

| वडागत जनसंख्या | वडा नम्बर | रकम |
|---|---|---|
| २३१३ | वडा नं. १ ले जनसंख्याका आधारमा पाउने रकम | १२२०५९५.५० |
| २४२४ | वडा नं. २ ले जनसंख्याका आधारमा पाउने रकम | १२७९१७१.४१ |
| २७७३ | वडा नं. ३ ले जनसंख्याका आधारमा पाउने रकम | १४६३३४२.५५ |
| २४६० | वडा नं. ४ ले जनसंख्याका आधारमा पाउने रकम | १२९८१६९.०१ |
| ८७४ | वडा नं. ५ ले जनसंख्याका आधारमा पाउने रकम | ४६१२१९.४० |
| २९८९ | वडा नं. ६ ले जनसंख्याका आधारमा पाउने रकम | १५७७३२८.१२ |
| २१२७ | वडा नं. ७ ले जनसंख्याका आधारमा पाउने रकम | ११२२४४१.२५ |
| ३२७३ | वडा नं. ८ ले जनसंख्याका आधारमा पाउने रकम | १७२७१९८.०४ |
| ३६७७ | वडा नं. ९ ले जनसंख्याका आधारमा पाउने रकम | १९४०३९३.२७ |

## अनुसूची ५ राजश्वका आधारमा वडाहरुले पाउने रकमको बाँडफाँड

| वडा नम्बर | रकम |
|---|---|
| वडा नं. १ ले राजश्वका आधारमा पाउने रकम | ४०६४४३.८८ |
| वडा नं. २ ले राजश्वका आधारमा पाउने रकम | २०१५८६.३६ |
| वडा नं. ३ ले राजश्वका आधारमा पाउने रकम | २२५९०५.८८ |
| वडा नं. ४ ले राजश्वका आधारमा पाउने रकम | २२७६३१.३८ |
| वडा नं. ५ ले राजश्वका आधारमा पाउने रकम | २४६७९५.४६ |
| वडा नं. ६ ले राजश्वका आधारमा पाउने रकम | २१५१४९.२८ |
| वडा नं. ७ ले राजश्वका आधारमा पाउने रकम | २५९८०९.३६ |
| वडा नं. ८ ले राजश्वका आधारमा पाउने रकम | ३८१९१०.१० |
| वडा नं. ९ ले राजश्वका आधारमा पाउने रकम | ५२१४०३.५२ |

# अनुसूची ६ जम्मा वडागत बजेट वाँडफाँड

| | | | |
|---|---|---|---|
| वडा गत बजेट सिलिङ | वडा नं. १ को कुल बजेट रकम रु | ५१९७५३७.२९ | |
| | वडा नं. २ को कुल बजेट रकम रु | ५०२४७३१.५३ | |
| | वडा नं. ३ को कुल बजेट रकम रु | ४९४६६१३.९२ | |
| | वडा नं. ४ को कुल बजेट रकम रु | ४४९३६१०.४९ | |
| | वडा नं. ५ को कुल बजेट रकम रु | ३३९५११०.९६ | |
| | वडा नं. ६ को कुल बजेट रकम रु | ५०३७३१७.५९ | |
| | वडा नं. ७ को कुल बजेट रकम रु | ४५५१९३९.०३ | |
| | वडा नं. ८ को कुल बजेट रकम रु | ५३१६३७२.४५ | |
| | वडा नं. ९ को कुल बजेट रकम रु | ६८१४०२०.५८ | |
| | **वडा तर्फ कुल बजेट** | ४४७७७२५३.८४ | |

## वडाहरु बाट उठेको राजश्व र राजश्वका आधारमा बजेट बाँडफाँड

| वडा नं. | समावेश वडा | आ.व. ०७६।०७७ मा वडागत उठाएको राजश्व | राजश्वका आधारमा बजेट |
|---|---|---|---|
| १ | लिकुवापोखरी(१-९) | २१२४६८ | ४०६४४३.८८ |
| २ | वाप्लुखा(१-९) | १०५३७९ | २०१५८६.३६ |
| ३ | सवाकटहरे(१-९) | ११८०९२ | २२५९०५.८८ |
| ४ | बडकादियाले(१-९) | ११८९९४ | २२७६३१.३८ |
| ५ | चिप्रिङ(१-९) | १२९०१२ | २४६७९५.४६ |
| ६ | ईन्द्रेणीपोखरी(१-९) | ११२४६९ | २१५१४९.२८ |
| ७ | खोटाङबजार(१-९) | १३५८१५ | २५९८०९.३६ |
| ८ | सिम्पानी(१-९) | १९९६४३ | ३८१९१०.१० |
| ९ | लिच्कीराम्चे(१-९) | २७२५६३ | ५२१४०३.५२ |